# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मितिः २०८२/०३/१८

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

**BCA कार्यक्रम अन्तर्गत आठौं सेमेस्टरको अनलाइन परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२० को आठौं सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८२ साल भाद्र ९ गतेबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८२ साल श्रावण १ गतेदेखि श्रावण २५ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेबसाइटबाट प्राप्त गर्न सकिने छ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८२ श्रावण १ गतेदेखि श्रावण २० गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८२ श्रावण २५ गते राति १२:०० बजेसम्म।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र)। विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसंग भर्नुपर्ने छ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ। अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

❖ सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (**स्थानान्तरण भइ आएका विद्यार्थीहरूको हकमा प्राविधिकसँगको समन्वयमा**) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ।

❖ अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ।

❖ सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८२ साल श्रावण २२ गतेभित्र र दोब्बर दस्तुरको हकमा श्रावण २७ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ। साथै विद्यार्थीहरूले भरेका **अनलाइन परीक्षा फाराम रुजुका क्रममा कुनै त्रुटि भई सच्याउनु पर्ने भएमा श्रावण मसान्तभित्र नियमानुसारको दस्तुर तिरी कलेज/क्याम्पसको सिफारिस पत्र सहित निवेदन दिइसक्नु पर्ने छ।**

❖ विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८२ साल भाद्र १ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ।

❖ डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८२ साल भाद्र २ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन्। उक्त प्रवेशपत्र कलर प्रिन्ट गर्नुका साथै सम्बन्धित क्याम्पस/कलेजको छाप लगाइ क्याम्पस प्रमुखको हस्ताक्षर र मिति समेत उल्लेख गरिएको हुनुपर्ने छ र परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ।

❖ प्रयोगात्मक परीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन BCA कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस/कलेजहरूलाई अनुरोध गरिन्छ :

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालन भएको चार वर्षे ८ सेमेस्टरको Bachelor in Computer Application (BCA) कार्यक्रम अन्तर्गतका विभिन्न सेमेस्टरहरूमा Project Work/Internship बाहेकका अन्य विषयहरूमा ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन र ६० पूर्णाङ्कको अन्तिम मूल्याङ्कन गरिने प्रावधान भएको र ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनलाई प्रयोगात्मक हुने विषयहरूमा २० पूर्णाङ्कको Internal Assessment **(First term exam-5, Final term exam-5, Assignment-5 & Attendance-5)** र २० पूर्णाङ्को Practical Assessment **(Practical -10, Lab Report -5 & Viva -5)** रहने गरी छुट्याइएको छ। उक्त ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनभित्र नै Practical Assessment समेत रहेको हुनाले सम्बन्धित क्याम्पस/कलेजले डीन कार्यालयद्वारा

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

खटाइएका विषय विशेषज्ञहरूबाट २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गरी हाजिरी सहितको आन्तरिक मूल्याङ्कन (Internal Assessment & Practical Assessment) देहाय बमोजिमको ढाँचामा २०८२ साल भाद्र १ गतेभित्र यस कार्यालयमा पठाइदिनु हुन सम्बन्धित क्याम्पस प्रमुखज्यूहरूलाई अनुरोध गरिन्छ ।

| SN | Name of Student | Internal Practical Assessment | | | |
|---|---|---|---|---|---|
| | | Practical (10) | Lab Report (5) | Viva (5) | Total (20) |
| | | | | | |
| | | | | | |

**Internal Subject Teacher**

**Signature:** ...............

**Name:** .........................

**Designation:** .............

**Date:** .............

**Subject Expert**

**Signature:** ................

**Name:** ....................

**Designation:** .............

**Date:** ......................

## BCA Internal Evaluation Format

| SN | Name of Student | Internal Assessment (20) | Practical Assessment (20) | Total (40) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Subject Teacher

Signature: ................

Name: ...........................

Date: .............

Campus Chief/Coordinator

Signature: ...............

Name: ....................

Date: ......................

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

डॉ. चिरञ्जीवी आचार्य
सहायक डीन